# बाल बालिका तथा बातावरण सरोकार नेपाल
# Concern for Children and Environment Nepal
# (CONCERN Nepal)
Tel: 01 4289432, 4288253
Fax: 01 4277033
concern@mos.com.np www.concern.org.np

२०७४।५।२९

**प्रेष विज्ञप्ति**

**विषयः राष्ट्रिय बाल दिवस**

"बाल मैत्रि शासनः बालअधिकारको सम्मान" भन्ने मुल नाराका साथ यस बर्ष पनि बाल दिबस भव्यताका साथ मनाईदै छ । तर पनि अहिलेको संघीय व्यवस्था र गणतान्त्रिक शासनमा नेपालका बालबालिका एकदम दयनिय अबस्थामा बाचि रहनु परेको छ। नेपालका करिब २६ लाख श्रमिक बालबालिकाहरुले स्कूलमा पढन पाइरहेका छैनन् । स्कूलमा भर्ना हुन नसकेर बाल श्रममा झुन्दि रहनु पर्ने अबस्था आइरहेको छ । हुनत नेपाल सरकारले सं. रा. बाल अधिकार महासन्धीमा हस्ताक्षर गरेको २७ बर्ष भए पनि महासन्धीको अवधारणा अनुसार सवा करोड बालबालिकाहरुलाई निःशुल्क र अनिवार्य शिक्षाको ब्यबस्था गर्न सकेको छैन ।

हाल संबिधानमा बाल अधिकार एक नैसर्गिक अधिकार जस्तै अगालि सकेपछि पनि किन गयगुज्रेको अबस्थामा बाचि रहनु परेको छ , यो गम्भीर प्रश्न हो । नेपालमा कहिले बालमैत्रि शासन व्यवस्था आउछ अनि कहिले बालअधिकारको सम्मान हुन्छ । जब सम्म नेपालमा बाल मजदूरी निर्मुलिकरण हुदैन, जब सम्म छुवाछुत्को परिपाटि अन्त्य गर्न सक्दैन, जब सम्म आदिवासी जनजातिको बालबालिकाहरुलाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गर्न सक्दैन तबसम्म "बाल मैत्रि शासनः बालअधिकारको सम्मान" भन्ने नारा फगत नारा मात्र हुन्छ । बाल अधिकार प्रत्याभूतिको निम्ति देशमा व्याप्त भ्रस्टाचार, अनिमियतता, गैर न्यायिक गतिविधि, दण्डहीनता आदि समाप्त हुन्दैन तबसम्म बाल अधिकार प्रत्याभूति पनि हुदैन, बालअधिकारको सम्मान पनि हुन सक्दैन । तसर्थ, आज राष्ट्रिय बाल दिवसको सन्दर्भमा नेपाल सरकारलाई बाल मैत्रि शासन व्यवस्था लागु गर्न साथै बाल अधिकारको सम्मान गर्नको निम्ति नेपाल सरकारसंग जोरदार माग गर्दछु ।

डा. विजयप्रकाश सैंजू
अध्यक्ष्य
कन्सर्न नेपाल